# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

सुर्खेत

☎०८३-५२१९६०
📠०८३-५२३८८४
Ext. ०८३-५२३१७८, ०८३-५२५३७४
✉ciaasurkhet@gmail.com


प्रशासन ०७६/०७७ 　　　　　　　　　　　　　　　　　　　　२०७६/०८/२४

च.नं. १२२१

**विषयः सहभागिताको लागि आवश्यक सहयोग गरिदिनुहुन ।**

श्री कर्णाली प्रदेश अन्तरगतका सबै नगरपालिका तथा गाउँपालिकाको कार्यालय,
सुर्खेत/दैलेख/जाजरकोट/जुम्ला/सल्यान/रुकुम पश्चिम/मुगु/हुम्ला/डोल्पा र कालिकोट ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २९ औं स्थापना दिवस (२०७६ माघ २८) को अवसरमा वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिने भएकोले मिति २०७६ मंसिर १५ गतेको गोरखापत्रमा प्रकाशित सूचनाको प्रतिलिपी पाना १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । कुनै एक विधामा विद्यार्थीहरुको सहभागिताको लागि तहाँ नगरपालिका/गाउँपालिका स्थित क्याम्पस तथा विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सहभागिताको लागि आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

तपसिलः-

१. सहभागिताको लागि विधाः

**क. वक्तृत्वकला :** (१) शीर्षकः- **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन**

(२) समयावधिः अधिकतम १५ मिनेट

(३) सहभागी हुन पाउने विद्यार्थीहरुः ११ कक्षादेखि विश्व विद्यालयस्तरसम्माका नियमित अध्ययनरत २५ वर्ष ननाघेका

**ख. कविता :** (१) शीर्षकः- **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"**

(२) कविता बढिमा ३०० शब्दसम्म हुनुपर्ने (३) सहभागी हुन पाउने विद्यार्थीहरुः ९ कक्षा देखी विश्व विद्यालयस्तरसम्मका नियमित अध्ययनरत २५ वर्ष ननाघेका

३. लेख रचना आइपुग्नुपर्ने अन्तिम मितिः २०७६ मंसिर २९ गतेभित्र लिखित प्रति वा सफ्टकपि सहभागीको सम्पर्क नम्बर (सम्भव भएसम्म अभिभावकको समेत सम्पर्क नम्बर) उल्लेख गरी यस अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा वा यस कार्यालयको ई-मेल ठेगानाः ciaasurkhet@gmail.comमा पठाइ सक्नु पर्नेछ ।

४. सहभागीको उमेर खुल्ने कागजातः सहभागीले उमेर खुल्ने गरी नियमित विद्यार्थी रहेको व्यहोरा शैक्षिक संस्थाबाट प्रमाणित गराई पेश गर्नुपर्ने ।

५. बक्तृत्वकला र कविता विधाहरुमा भाग लिन इच्छुक सहभागीहरुबाट २०७६ साल मंसिर २९ गतेभित्र प्राप्त हुन आएका लिखित प्रति वा सफ्टकपीहरुलाई यस कार्यालयमा गठन भएको विज्ञहरु सम्मिलित मूल्यांकन समितिबाट मूल्यांकन गरी संक्षिप्त सूची तयार गरिनेछ ।

६. संक्षिप्त सूचीमा पर्न सफल भएका सहभागीहरुलाई मात्र प्रथम चरणको सहभागिताको लागि मिति २०७६ पुस १३ गते आयोगको कार्यालय सुर्खेतमा हुने प्रतियोगितामा आउनको लागि पत्र वा फोन मार्फत जानकारी गराइनेछ । साथै निजलाई आउनजान लाग्ने सम्पूर्ण खर्च सम्बन्धित प्रतियोगी आफैंले व्यहोर्नु पर्नेछ, तर प्रथम चरणमा छनौट भई अन्तिम चरणको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं आउन जान लाग्ने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरे वमोजिम दिइनेछ ।

६. प्रतियोगिता सम्बन्धमा थप जानकारीको लागिः अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतको फोन नं. ०८३-५२३१७८, शा.अ. श्री यज्ञेश्वर खत्री, ९८५८०५२०७६

(शिव कुमार श्रेष्ठ)

नि.कार्यालय प्रमुख (प्र.ना.उ.)

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

**वक्तृत्वकला र कविता प्रतियोगितामा सहभागिताको लागि आह्वान गरिएको सूचना**

**(प्रकाशित मिति २०७६।०८।१५)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस-२०७६ (२०७६ माघ २८) को उपलक्ष्यमा वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिएकोले कुनै एक विधामा सहभागिताको लागि आव्हान गरिएको छ।

१. वक्तृत्वकला प्रतियोगिताका लागि " **भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन** " शीषकमा प्रस्तुति समय अधिकतम १५ (पन्ध्र) मिनेट हुनेछ।

२. कविता **भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन** सम्बन्धी विषयवस्तुमा बढिमा ३०० (तीनसय) शब्दसम्मको हुनु पर्नेछ।

३. वाचन गर्ने कविता वा वक्तृत्वकलामा प्रस्तुति दिने विषयवस्तुको ढाँचा नेपाली भाषामा तयार गरी लिखित प्रति वा सफ्टकपी आफ्नो सम्पर्क नम्बर समेत संलग्न गरी मिति **२०७६ मङ्सिर २९ गते** भित्र आई पुग्ने गरी तोकिएको आयोगको कार्यालय वा ई-मेलमा पठाउनु पर्नेछ।

४. वक्तृत्वकलामा कक्षा ११ देखि विश्वविद्यालयस्तरसम्मका र कवितामा कक्षा ९ देखि विश्वविद्यालयस्तरसम्मका नियमित अध्ययनरत विद्यार्थीहरुले भाग लिन सक्नेछन् । प्रतियोगितामा २५ (पच्चीस) वर्ष ननाघेका विद्यार्थीहरुले मात्र भाग लिन पाउनेछन् र सहभागीले उमेर खुल्ने गरी नियमित विद्यार्थी रहेको व्यहोरा शैक्षिक संस्थाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

५. आयोगबाट विगतका ३ (तीन) वर्षमा आयोजना भएको कविता तथा वक्तृत्वकला प्रतियोगितामा भाग लिई प्रथम पुरस्कार प्राप्त गरिसकेकाहरु सोही विधामा पुनः भाग लिन सक्ने छैनन्।

६. प्राप्त हुन आएका कविता र वक्तृत्वकलाको ढाँचाको प्रारम्भिक छनोट गरी प्रथम चरणको प्रतियोगितामा सहभागी गराइने छ।

७. प्रथम चरणको प्रतियोगिता तोकिएको आयोगको कार्यालयमा मिति **२०७६ पुस १३ गते** हुनेछ। प्रथम चरणबाट छनौट भएका दुबै विधाका दुई/दुई जनालाई काठमाडौंमा हुने दोश्रो चरणको प्रतियोगितामा सहभागी हुन फोन वा मोबाईलबाट जानकारी गराईनेछ र निजहरुलाई काठमाडौंसम्म आउन जान लाग्ने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरेबमोजिम दिईनेछ ।

८. पुरस्कार राशी : प्रथम रु. २५,०००/-, द्वितीय रु. १५,०००/-, तृतीय रु. १०,०००/- र सान्त्वना पुरस्कार २(दुई) जनाको लागि जनही रु.५,०००/- रहेको छ।

९. **रचनाको ढाँचा उपलब्ध गराउने आयोगको कार्यालय, ई-मेल ठेगाना र सम्पर्क व्यक्तिको विवरणः**

क) **काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा र नुवाकोट जिल्लाका सहभागीको लागि-** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं, ई-मेलः info@ciaa.gov.np, श्री सुशीला अधिकारी, ०१-५२६२००२/९८४१५७९६६८

ख) **ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलखुम्बु, ओखलढुंगा, झापा, मोरङ, सुनसरी र सप्तरी जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय इटहरी, ई-मेलः itahari@ciaa.gov.np श्री गिरिराज भट्टराई, ०२५-५८६९७०/ ९८४१६३९५४४

ग) **सिराहा, धनुषा, महोत्तरी, सलाही, रौतहट, सिन्धुली र उदयपुर जिल्लाका सहभागीको लागि-**आयोगको कार्यालय बर्दिवास, ई-मेलः ciaabardibas@gmail.com, श्री हरि प्रसाद घिमिरे, ०४४-५५०७५३/०४४-५५०७५४/९८४१३६४०४३

घ) **बारा, पर्सा, चितवन, मकवानपुर र धादिङ जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय हेटौंडा, ई-मेलः ciaamro@gmail.com, श्री विकाश बि.क, ०५७-५२१६५५/०५७-५२३२७७/९८४५१५१७३३

ङ) **गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय पोखरा, ई-मेलः ciaapkr@gmail.com , श्री देवेन्द्र पाण्डेय, ०६१-५२२७०१/९८५७६५०२५०

च) **नवलपरासी (बदघाट सुस्ता पूर्व), नवलपरासी (बदघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय बुटवल, ई-मेलःciaabutwal@gmail.com, श्री सुरेश भुषाल, ०७१-५४००३१/०७१-५४०८३७/९८५७०६३१४६

छ) **रुकुम (पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत र सल्यान जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय सुर्खेत, ई-मेलःciaasurkhet@gmail.com, श्री यज्ञेश्वर खत्री, ०८३-५२३१७८/९८५८०५२०७६

ज) **बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली जिल्लाका सहभागीको लागि-** आयोगको कार्यालय कञ्चनपुर, ई-मेलः ciaa.kanchanpur@ciaa.gov.np, श्री महेश पाण्डे, ०९९-५२०३६८/०९९-५२४२६३/९८५१२२५१२९

१०. यो सूचना आयोगको वेब साइट www.ciaa.gov.np मा पनि हेर्न सकिनेछ।